तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

राजपत्र

खण्डः ८ संख्याः२ प्रकाशित मितिः २०८२।०८।२५

भाग — २

तुलसीपुर उपमहानगरपालिका

डुङ्गा दर्ता, व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८२

स्थानीय राजपत्र

तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

डुङ्गा दर्ता, व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८२

कार्यपालिकाबाट पारित मिति २०८२/०८/२४

प्रस्तावनाः तुलसीपुर उपमहानगरभित्र रहेका बिभिन्न नदी तथा तालहरुमा डुङ्गा सञ्चालन गर्नका लागि तुलसीपुर उपमहानगरपालिका प्रशासकीय कार्यविधि नियमन गर्न बनेको ऐन,२०७५ को दफा ४ को अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिका डुङ्गा दर्ता, व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८२ तयार गरी कार्यान्वयन गर्न बान्छनीय भएकोले तुलसीपुर उपमहानगरपालिका नगरकार्यापालिकाको मिति २०८२।०८।२४ गते बसेको ४१औं बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

परिच्छेद १

संक्षिप्त नाम र प्रारम्भ

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** १) यस कार्यविधिको नाम "डुङ्गा दर्ता तथा ब्यवस्थापन सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

२) यो कार्यविधि तुलसीपुर उपमहनगरपालिका नगरकार्यपालिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "उपप्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

ख) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "कार्यविधि भन्नाले" तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र "ढुङ्गा दर्ता व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८२" लाई सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ङ) "चालक" भन्नाले डुङ्गा चलाउने व्यक्तिलाई सम्झनु पर्दछ ।

च) "डुङ्गा" भन्नाले पानीमाथि यात्रा गर्नका लागि काठ जोडेर वा काठको फल्याकहरु गाँसेर पाल वा बहान खियायर वा फाईबर तथा ईन्जिद्वारा चलाउन सकिने साधनलाई सम्झनु पर्दछ ।

छ) "डुङ्गाधनी" भन्नाले प्रचलित कानुन बमोजिम कुनै पनि व्यक्ति वा संस्थाको नाममा डुङ्गा दर्ता गरेको ब्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

ज) "ताल तथा नदी" भन्नाले यस तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र रहेका कृतिम तथा प्राकृतिक तालहरु र नदीलाई सम्झनु पर्दछ।

झ) "प्रमुख भन्नाले" तुलसीपुर उपमहानगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ट) "बिमा" भन्नाले डुङ्गा, यात्रु, मालसामान, चालक, सुरक्षाकर्मी, डुङ्गामा काम गर्ने बिभिन्न जिम्मेवारीका कर्मचारी तथा तेस्रो पक्षका सम्बन्धमा सवारीधनी वा ब्यवस्थापकले गर्नुपर्ने बिमालाई सम्झनु पर्दछ ।

ठ) "भाडा" भन्नाले डुङ्गा प्रयोग गरेबापत लिने रकम सम्झनु पर्दछ ।

ड "यात्रु" भन्नाले डुङ्गामा यातायात वा सवार गर्ने यात्रुहरुलाई सम्झनु पर्दछ ।

ढ) "समिति" भन्नाले यस कार्यविधिको दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

परिच्छेद —२

डुङ्गाको वर्गीकरण तथा सञ्चालनका लागि दर्ता तथा अनुमति प्राप्त गर्ने प्रकृया

३. <u>डुङ्गाको वर्गीकरणः</u> १) तुलसीपुर उपमहाननगरपालिका क्षेत्रभित्र सञ्चालन हुने डुङ्गालाई देहाय बमोजिम वर्गीकरण गरिनेछः

क) काठको डुङ्गा

ख) फलाम वा आल्मुनियमबाट बनेको डुङ्गा

ग) रबरको डुङ्गा

घ) विद्युतीय डुङ्गा

४. <u>दर्ता तथा अनुमतिबिना सञ्चालन गर्न नपाईनेः</u> तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र रहेका जलक्षेत्रमा यो कार्यविधि बमोजिम दर्ता तथा अनुमति नलिई डुङ्गा सञ्चालन गर्न पाइनेछैन ।

५. <u>डुङ्गा सञ्चालनका लागि दर्ता तथा अनुमति प्राप्त गर्ने प्रकृयाः</u> १) डुङ्वा सञ्चालनका लागि दर्ता तथा अनुमति प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम रहेको छः

क) तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्रका डुङ्गा सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले अनुसूचि १ बमोजिमको ढाँचामा दर्ताका लागि नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ख) तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र डुङ्गा सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले अनुसूचि २ बमोजिमको ढाँचामा सञ्चालन अनुमतिका लागि नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ग) डुङ्गा दर्ता तथा सञ्चालन अनुमति दिन उपयुक्त देखिएमा तोकिएको दस्तुर लिई डुङ्गा सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम डुँङ्गा दर्ता गरी अनुसूचि ३ बमोजिमको ढाँचामा सञ्चालन अनुमति प्रदान गरिने छ ।

घ) दर्ता तथा सञ्चालन अनुमति प्राप्त डुङ्गाहरुको विवरण अनुसूचि—४ बमोजिमको ढाँचामा अभिलेखिकरण गरिनेछ ।

ङ) तुलसीपुर उपमहानगरपालिकाको स्वीकृत बार्षिक बजेटबाट खरिद गरी बिभिन्न ताल समिति, तथा संघ संस्थालाई उपलब्ध गराइएको ढुङ्गाहरुको मर्मत सम्भार, सुरक्षा प्रबन्ध, जनशक्ति ब्यवस्थापन सबै कार्य डुङ्गा सञ्चालन गर्ने पक्षले गर्नेछ ।

६. **<u>डुङ्गा दर्ता तथा सञ्चालन अनुमतिका लागि पेश गर्नु पर्ने कागजातहरुः</u>** १) डुङ्वा दर्ता तथा सञ्चालन अनुमति प्रदान गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछः

क) तोकिएको ढाँचाको निवेदन

ख) सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ग) फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र

घ) आयकर दर्ताका कागजात करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

ङ) रबर तथा बिद्युतीय डुङ्गाको हकमा दर्ता प्रमाण पत्र (ब्लुबुक)

च) सवारी साधन चालकको नियुक्ति (लाईसन्स)

छ) विमा सम्बन्धी कागजात ।

७. **<u>दर्ता तथा सञ्चालन अनुमतिको खारेजीः</u>** १) डुङ्गा दर्ता तथा सञ्चालन अनुमति लिएका ब्यक्ति, फर्म वा कम्पनीले यस कार्यविधि विपरित कार्य गरेमा तथा प्रचलित अन्य यातायात ब्यवस्था सम्बन्धी कानुन उल्लंघन गरेमा समितिको निर्णय बमोजिम खारेज गरिने छ ।

२) उपदफा १ बमोजिम खारेज गर्नु अघि सम्बन्धित ब्यक्ति, फर्म वा कम्पनीलाई सफाईको मौका दिईनेछ ।

परिच्छेद —३

डुङ्गा व्यवस्थापन तथा सञ्चालन समिति गठन तथा काम कर्तब्य र अधिकार

८. **डुङ्गा ब्यवस्थापन तथा सञ्चालन समितिः** १) तुलसीपुर उपमहानगरपालिकाक्षेत्रभित्र डुङ्गा व्यवसाय सम्बन्धी नीति निर्माण सञ्चालन अनुगमन लगायतका कार्यहरु गर्नका लागि तपसिल बमोजिम डुङ्गा व्यवस्थापन तथा सञ्चालन समिति गठन हुनेछः

क) नगर प्रमुख	संयोजक
ख) उपप्रमुख	सदस्य
ग) प्रमख प्रशासकीय अधिकृत	सदस्य
घ) आर्थिक विकास समिति संयोजक	सदस्य
ङ) नगरप्रमुखले तोकेको १ जना कार्यपालिका सदस्य	सदस्य
च) डुङ्गा ब्यवसायीहरु मध्यबाट नगरप्रमुखले मनोनित गरेको १ जना प्रतिनिधि	सदस्य
छ) पर्यटन तथा संस्कृति शाखा प्रमुख	सदस्य सचिव

२) समितिले पर्यटनसंग सम्बन्धित कार्यालयका प्रतिनिधिहरु वा पर्यटन क्षेत्रसँग सम्बन्धित विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९. **डुङ्गा व्यवस्थापन तथा सञ्चालन समितिको काम,कर्तव्य र अधिकारः** १)डुङ्गा व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) डुङ्गा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने ।

ख) डुङ्गाको पार्किङ्ग स्थल तोक्ने ।

ग) डुङ्गाको भाडादर निर्धारण गर्ने ।

घ) नयाँ डुङ्गा सञ्चालनका लागि दर्ता तथा सञ्चालन अनुमति दिने ।

ङ) डुङ्गा सञ्चालनका क्रममा भएको बिवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

च) डुङ्गा सञ्चालन कार्यको अनुगमन गर्ने र आवश्यक कारबाही गर्ने।

छ) तुलसीपुर उपमहानगरपालिका तथा वडा कार्यालयबाट हस्तान्त्रण भएको डुङ्गाको नियमन गर्ने ।

ज) डुङ्गा दर्ता तथा सञ्चालन अनुमति खारेजीको सिफारिस गर्ने ।

ञ) नगर कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

परिच्छेद ४

डुङ्गा सञ्चालक तथा चालकले पालना गर्नु पर्ने शर्तहरु

१०. **सञ्चालकले पालना गर्नु पर्ने शर्तहरुः** (१) सञ्चालकले डुङ्गा सञ्चालनका शिलशिलामा निम्न बमोजिम शर्तहरु पालना गर्नु पर्नेछः

क) तोकिएको भाडादर मात्र लिनु पर्नेछ ।

ख) भाडादर यात्रुले देख्नेगरी उपयुक्त स्थानमा राख्नु पर्नेछ ।

ग) यात्रुहरु संग सरल र नम्र ब्यवहार गर्नु पर्नेछ ।

घ) तोकिएको दर्ता, अनुमति तथा नबिकरण दस्तुर नियमानुसार बुझाउनु पर्नेछ ।

ङ) डुङ्गा, यात्रु, मालसामान, चालक, सुरक्षाकर्मी, डुङ्गामा काम गर्ने बिभिन्न जिम्मेवारीका कर्मचारी तथा तेस्रो पक्ष विमा गराउनु पर्नेछ ।

च) दर्ता प्रमाणमा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्नेछ ।

छ) सवारी साधन तथा यात्रुबाट भएको फोहरमैलाको उचित व्यवस्थापन गर्नु पर्नछ ।

ज) उपमहानगरपालिकाबाट उपलब्ध गराएको ईजाजतपत्र नं. डुङ्गामा टाँस गर्नुपर्ने छ ।

११. **सवारी चालकले पालना गर्नु पर्ने शर्तहरुः** (१) प्रत्येक डुङ्गा चालकले तपसिल बमोजिमका शर्तहरुको पालना गर्नु पर्नेछः

क) सवारीचालक अनुमति पत्र, सवारी दर्ता किताव साथमै राखेर मात्र डुङ्गा चलाउनु पर्नेछ ।

ख) बिमा, नबिकरण गरेको प्रमाणपत्र साथमा राख्नु पर्नेछ ।

ग) प्रत्येक दिन डुङ्गाको अवस्था ठिक भए नभएको चेकजाच गरेर मात्र चलाउनु पर्नेछ ।

घ) तोकिएको भार, क्षमता र गतिमा मात्र डुङ्गा चलाउनु पर्नेछ ।

ङ) डुङ्गा चलाउदा, हावा, पानी र मौसमको ख्याल गरेर चलाउनु पर्नछ ।

च) मादक पदार्थ तथा लागू औषध सेवन गरेर डुङ्गा चलाउन पाईने छैन ।

छ) साथै प्रतिबिन्धित बस्तु वसारपसार गर्न पाईने छैन ।

ज) मोबाईल फोनको प्रयोग गरी र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाईने छैन ।

झ) सामाजिक सद्भावका साथै यात्रुमैत्री ब्यवहार गर्नुपर्नेछ ।

ञ) अशक्त, बृद्ध तथा बालबालिकालाई बिशेष ध्यान दिनु पर्नेछ ।

ट) जथाभाबी डुङ्गा रोक्ने, पार्किङ्ग गर्ने जस्ता कार्य गर्नपाईने छैन ।

ठ) रातको समयमा डुङ्गा चलाउन पाईने छैन ।

ड) जथाभाबी फोहर गर्नबाट रोक्नु पर्नेछ ।

ढ) डुङ्गा दुर्घटनामा परेको खण्डमा नजिकको प्रहरी कार्यालय, नगरपालिका वा वडा कार्यालय तथा अन्य सरोकारवाला निकायमा तुरुन्त खबर गर्नु पर्नेछ ।

१२. **यात्रु सुरक्षाः** १) यात्रु सुरक्षाका लागि डुङ्गा सञ्चालक तथा चालकले निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछः

क) डुङ्गा पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ ।

ख) यात्रु संख्याको आधारमा लाईफ ज्याकेट अनिवार्य रुपमा ब्यवस्था गरी यात्रुलाई लगाउन लगाएर मात्र जलयात्रा गराउनु पर्नेछ ।

ग) प्राथमिक उपचारको किटबक्स अनिवार्य राखेको हुनु पर्नेछ ।

परिच्छेद —६
दर्ता, नबिकरण तथा दण्ड जरिवाना दस्तुर

१३. दर्ता तथा नबिकरण दस्तुरः १) डुङ्गा दर्ता, सञ्चालन अनुमति तथा नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

२) दर्ता तथा सञ्चालन अनुमति प्राप्त डुङ्गाको प्रत्येक आर्थिक बर्षमा नविकरण गर्नुपर्नेछ ।

३) उपमहानगरपालिका तथा वडा कार्यालयबाट हस्तान्तरण गरिएको डुङ्गाको समेत यस कार्यविधि बमोजिम दर्ता, सञ्चालन अनुमति तथा नवीकरण गराउनु पर्नेछ ।

१४. जरिवाना सम्बन्धी ब्यवस्थाः १) यस कार्यविधि बमोजिम दर्ता तथा सञ्चालन अनुमति नलिई वा नविकरण नगरी डुङ्गा सञ्चालन गर्न तथा निर्धारित गतिभन्दा तीब्र गतिमा, मादक पदार्थ सेवन गरी, निर्धारित सिटभन्दा बढी यात्रु राखी डुङ्गा चलाउन र जथाभाबी फोहरमैला गर्न पाइने छैन ।

२) उपदफा १ विपरित कार्य गरेको पाइएमा तोकिए बमोजिम जरिवाना गरी डुङ्गाको दर्ता तथा सञ्चालन अनुमति समेत खारेजी गर्न सकिनेछ ।

३) उपदफा २ बमोजिम कारबाही गर्नुपूर्व सफाई पेश गर्ने दिनु पर्नेछ ।

परिच्छेद —७
विविध

१५. संशोधन वा हेरफेरः समितिको सिफारिसमा नगर कार्यपालिकाले यस कार्यविधिमा संशोधन वा हेरफेर गर्न सक्नेछ ।

१६. बाधा अडकाउ फुकाउः यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसूचि — १

(दफा ५ को उपदफा १ को खण्ड क बमोजिम)

डुङ्गा दर्ता तथा अनुमतिको लागि निवेदनको ढांचा

मिति :...................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
तुलसीपुर उपमहानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
तुलसीपुर,दाङ ।

बिषय : डुङ्गा दर्ता गरीपाउ ।

उपरोक्त बिषयमा बमोजिम विवरण भएको मेरो/हाम्रो नाममा डुङ्गा दर्ता गरी सञ्चालन गर्न अनुमति पाउँ भनी यो निवेदन पेश गरेको छु/छौं ।

तपसिल
१) डुङ्गाको किसिम :
२) बनेको साल :
३) यात्रुसिट संख्या :
४) सवारीधनीको नाम, थर ,ठेगाना :

प्रचलित ऐन कानुनमा ब्यवस्था भएका र यस कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरु पालना गर्ने गरी डुङ्गा ब्यवसाय सञ्चालन गर्नेछु । यसमा लेखिएको ब्यहोरा ठिक साचो हो झुट्टा ठहरे ऐन कानुन बमोजिम सहुला बुझाउला ।

निवेदकको नाम :
दस्खत :

अनुसूचि —२

(दफा ५ को उपदफा १ को खण्ड ख बमोजिम)

डुङ्गा दर्ता तथा अनुमतिको लागि निवेदनको ढाँचा

मिति :...................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
तुलसीपुर उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
तुलसीपुर,दाङ ।

बिषय : डुङ्गा दर्ता गरीपाउ ।

उपरोक्त बिषयमा बमोजिम विवरण भएको मेरो÷हाम्रो नाममा ....कार्यालयमा दर्ता रहेको डुङ्गा सञ्चालन गर्न अनुमति पाउ भनि यो निवेदन पेश गरेको छु÷छौं ।

तपसिल

१) डुङ्गाको किसिम :

२) डुङ्गा दर्ता नं. र दिने कार्यालय :

३) ईन्जन नं. :

४) मोडेल :

५) बनेको साल :

६) यात्रु सिट संख्याः

७) डुङ्गा धनीको नाम र ठेगाना :

८) कम्पनी भए दर्ता विवरण :

९) संलग्न कागजातहरु

क) डुङ्गा दर्ता प्रमाण पत्र

ख) नेपाली नागरिकताको प्रमाणपत्र

ग) कम्पनी भए दर्ता प्रमाणपत्र

प्रचलित ऐन कानुनमा ब्यवस्था भएका र यस कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरु पालना गर्ने गरी डुङ्गा व्यवसाय सञ्चालन गर्नेछु । यसमा लेखिएको ब्यहोरा ठिक साँचो हो । झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नाम :

दस्खत :

अनुसूचि —३

(दफा ५ को उपदफा १ को खण्ड ग बमोजिम)

सञ्चालन अनुमतिको प्रमाणपत्रको ढाँचा

सञ्चालन अनुमतिको मिति :....................

श्री..

....

तपाईको नाममा दर्ता भएको देहायको विवरण भएको डुङ्गा आ.ब ....को लागि सञ्चालन अनुमति प्रदान गरिएको छ।प्रचलित ऐन कानुन र यस कार्यविधिको अधिनमा रही सञ्चालन गर्नुहुन जानकारी गराईन्छ ।

तपसिल

१) डुङ्गाको किसिम :

२) डुङ्गा दर्ता नं. र दिने कार्यालय :

३) ईन्जन नं. :

४) मोडेल :

५)बनेको साल :

६)यात्रु सिट संख्या

हस्ताक्षर :

नाम :

पद :

कार्यालय

नबिकरण

नबिकरण गरेको मिति	नबिकरण बाहाल रहने अवधि	नबिकरण दस्तुर	नबिकरण गर्ने अधिकारीको दस्तखत

अनुसूची—४

(दफा ५ को उपदफा १ को खण्ड घ बमोजिम)

(डुङ्गा दर्ता तथा सञ्चालन अनुमति विवरणको ढाँचा)

दर्ता तथा सञ्चालन अनुमति नं.	दर्ता तथा सञ्चालन अनुमति लिएको मिति	डुङ्गाको प्रकृती	डुङ्गा सञ्चालनको उद्देश्य	डुङ्गाधनीको नाम र ठेगाना	फोन नं.	कैफियत

आज्ञाले

केशवराज पार्धे

प्रमुख प्रशासकीय अधिकृत